*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्वत् २५५८
नेपाल सम्वत् ११३४
इस्वी सम्वत् २०१४
बिक्रम सम्वत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly
**9th SEP 2014**

वर्ष- ३२ | अङ्क- ५ | ञँयाः पुन्हि | भाद्र २०७१




आफूलाई आफैंले प्रेरणा दिने, आफूलाई आफैंले परीक्षा गर्ने आत्म संयमी र स्मृतिवान् मनुष्य सुख पूर्वक बस्दछ ।

ज्ञानी मनुष्यहरूले सबभन्दा पहिले, इन्द्रिय वशमा राख्नु, संतोष हुनु, प्रातिमोक्ष नियम पालन गर्नु, फेरि यस्ता भिक्षुले शुद्ध जीवी र आलस्य रहित कल्याण मित्रहरूको सत्संगत गर्नुपर्छ ।

सबै दानलाई धर्मदानले जित्छ, सबै रसलाई धर्मरसले जित्छ, सबै रतिलाई धर्म रतिले जित्छ, तृष्णा क्षय भयो भने सबै दुःखलाई जित्छ ।

जरा नउखेली केवल काटेर मात्रै राखेको रुखको हाँगा फेरि फेरि पलाए झैं तृष्णा र अनुशय क्लेशको समूल नष्ट नगर्नेलाई दुःख बारम्बार आउँछ ।

संसारमा आमा-बुबाको सेवा गर्नु सुख हो, श्रमणभाव पनि सुख नै हो र पाप रहित ब्राह्मणभाव झन् सुख हो ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# धर्म प्रचार गर्ने व्यक्तिहरूमा हुनुपर्ने गुणहरू

भगवान् बुद्धले धर्म प्रचार गर्नु भएको अमूल्य कार्यको प्रमुख कारण नै समाजमा, देशमा, लगायत संसार मा इमान्दार, कर्त्तव्य परायण एवं प्रज्ञावान् मानिसहरू सृजना गर्नको लागि हो । किनभने यस्ता पवित्र चित्त सहितका मानिसहरू बिना कहिं कतैपनि शान्तिले स्थान लिन सक्दैन ।

त्यसैले भगवान् बुद्धले प्रथम पटक धर्मचक्र प्रवर्तन गर्नु भएपछि भिक्षुहरूलाई यसरी निर्देशन गर्नुभएको थियो–

भिक्षुहरू ! बहुजन हित र सुख गर्नको लागि गाउँ-गाउँ, नगर-नगरमा धर्म प्रचार गर्न जानु ।"

संसारमा यस्ता पवित्र व्यक्तिहरू निर्माण गर्नको लागि धर्मप्रचार गर्ने धर्मप्रचारकहरू पहिला अमूल्य गुणहरूले सम्पन्न हुनु जरुरी छ । यी व्यक्तिहरू चरित्रवान्, निर्लोभी, लगायत धार्मिक कार्यक्रमहरू बनाउन सक्षम भए अझ सुनमाथि सुगन्ध हुनेछ । यी बाहेक बुद्ध शिक्षा अनुसार ती व्यक्तिहरूमा निम्न उल्ले खित अमूल्य गुणहरू समावेश हुनु अत्यावश्यक छन्–

(१) **उट्ठानवतो** – हतोत्साह नहुनु, प्रयत्नशील हुनु, जुन काम गरिरहेको छ, त्यसमा दक्षता र कुशलता हुनु जरुरी छ । अल्छी नहुनु कार्यकुशलता हुनु, योनिसोमनसिकार, मन लगाएर काम गर्ने बानी ।

(२) **सतिमतो** – होशियार, सतर्क र सधैं सजग हुनु । भगवान् बुद्ध भन्नुहुन्छ–

**"सतिंच ख्वाहं भिक्खवे सब्बत्थिकं वदामि"**

अर्थात्– सधैं होशियारी रहनु, सबै काम र अर्थ शिद्ध हुनु ।

(३) **सुचिकम्मस्स** – शरीर, वचन र मन शुद्ध हुनु । यसरी गरेको कार्यले पछिसम्म भलो नै हुनेछ भन्ने ज्ञान हुनु ।

(४) **सञ्ञतस्स** – पञ्चइन्द्रिय संयमित हुनु, अनुशासित हुनु पनि उपयोगी गुण धर्म हो ।

(५) **धम्म जीविनो** – (धार्मिक जीवन)

धार्मिक जीवन जीउने व्यक्तिबाट कसैलाई अवरोध हुँदैन । असल र सफल धर्मप्रचारक धार्मिक व्यक्तिबाट धैरै व्यक्तिहरूको उपकार हुन्छ । यसरी धार्मिक जीवन जीउने व्यक्तिलाई धर्मले रक्षा गर्नेछ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

**"धम्मो हवे रक्खतीति धम्मचारी"**

अब धर्मप्रचारकहरूको असल बानी व्यवहारयुक्त आदर्शमय गुणको कारणले कसरी मानिसहरूको वानी व्यवहार सुधियो र कसरी धर्म प्रचार भयो भन्ने विषयको बुद्धकालिन घटना यहाँ प्रस्तुत गर्न उचित देखिन्छ ।

नादिका नामक एक जंगलमा भिक्षु अनिरुद्ध, भिक्षु किम्बिल र भिक्षु नन्दिय गरी ३ जना भिक्षुहरू रहनु भएका थिए । उहाँहरू उक्त जंगलमा धर्मप्रचार लगायत ध्यान भावना गर्ने उद्देश्य लिएर रहनु भएका थिए । ३ जना एकै ठाउँमा रहनु भई एक आपसमा दैनिक कार्य विभाजन गरी आर्य मौन व्रत पालन गरी बस्नु भएका थिए ।

विहान जो व्यक्ति पहिला उठ्छ उसले कूचो लगाउने, अर्कोले पानी लिएर आउने र तेस्रो व्यक्तिले आशन ओछ्याउने आदि कार्य गरी चुपचाप ठीक समयमा सबै काम सम्पन्न गरिन्थ्यो । कसैले कसैलाई आरोप लगाउने चलन थिएन । यसरी ३ जना भिक्षुहरू एक आपसमा मिलिजुली आ-आफ्नो कर्त्तव्य पालन गरी शान्तपूर्वक जीवन बिताइरहेको देखी त्यस जंगलको बनपाले ज्यादै प्रभावित भएको थियो ।

उसले आफ्नो गाउँमा गएर ती तीन जना भिक्षुहरूको आदर्शमय गुणहरूको विषयमा उल्लेख गरे । गाउँलेहरूले भिक्षुहरूको आदर्श सिकी गाउँलेहरू सबै एक आपसमा मिली आ-आफ्नो व्यवहार सुधारी, निस्वार्थपूर्वक आ-आफ्नो जिम्मेवारी निभाउन थाले । फलस्वरुप उनीहरूको गाउँ यथासिघ्र विकास हुन थाले । त्यहाँ छलकपट र स्वार्थको स्थान रहेन । शान्तिपूर्ण वातावरणले स्थान ओगट्न थाल्यो ।

यसरी धर्मप्रचारकहरूको राम्रो गुण एवं व्यवहारको माध्यमबाट सहि तरिकाले धर्मप्रचार हुनु गौरवको कुरो हो । आशा छ, यही गुणहरूको अनुशरण हामीले पनि गर्न सकौं । र आ-आफ्नो जीवन, परिवार, समाज एवं देशलाई भाग्यमानी बनाउन सकौं । फलस्वरुप हामी भगवान् बुद्धको सही शिष्य बन्न सफल हुनेछौं ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२७८

✍ डा. रीना तुलाधर (बनिया)
'परियत्ति सद्धम्म कोविद'

**अक्कोसं वधबन्धञ्च – अदुट्ठो यो तितिक्खति**
**खन्तिबलं बलाणिकं – तमं हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– गालि गरेको वा वध बन्धन गरेकोलाई जसले चित्त दूषित नगरीकन सहन्छ, राजपुरुषहरूको सैन्यबल जस्तै जसको क्षान्ति बल हुन्छ, त्यस्तालाई नै म ब्राह्मण भन्दछु ।

*घटना*– यो गाथा भगवान बुद्धले वेणुवनमा बास गर्नु भएको बेला अक्कोसक भारद्वाजको कारणमा भन्नुभएको थियो ।

अक्कोसक नामको ब्राह्मणको दाजु भारद्वाज ब्राह्मणकी पत्नी धनञ्जानी थिइन् । धनञ्जानी ब्राह्मणी श्रोतापन्न भइसकेकी थिइन् । उसले जहिले जुन बेला खोक्दा, हाछ्यूँ गर्दा, काम गर्ने बेला पनि "**नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स**" भनी बाक्य उच्चारण गर्थिन् ।

एकदिन ब्राह्मणहरूलाई भोजन गराइराखेको ठाउँमा धनञ्जानी खुट्टामा ठक्कर खाई लड्न लागेकी थिइन्, तुरुन्त उनीले ठूलो स्वरमा "**नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स**" बोलिन् । ब्राह्मण यो देखी रिसाएर भने– "यो चण्डालनी जहाँ, जुन बेला पनि त्यो मुण्ड श्रमण गौतमलाई नमस्कार" भनी हिँड्छिन् ।"

ब्राह्मणले स्वास्नीचाहिँलाई भने– "चण्डालनी, अब त म आफैं गएर तेरो गुरु श्रमणकहाँ गएर वाद विवाद गर्न जानेछु, शास्त्रार्थ गर्न जानेछु ।"

ब्राह्मणीले भनिन्– "हे ब्राह्मण ! जाउ शास्त्रार्थ गर । मैले त अहिलेसम्म तथागतसँग शास्त्रार्थ गरी जित्नसक्ने कोही देखेको छैन । तैपनि गएर हेर । बुद्धसँग प्रश्न गर ।"

ब्राह्मण बुद्धकहाँ पुगेर वन्दनासम्म पनि नगरीकन एक छेउमा उभी प्रश्न सोधे– "सुखपूर्वक जीविका गर्नको निम्ति के चीजलाई जलाइदिनुपर्छ ? कुन वस्तु जलाएर पठाएपछि शोक गर्नुपर्ने छैन भनी तपाईं सुझाव दिनु हुन्छ ?" बुद्धले उत्तर दिनुभयो– "क्रोधलाई जलाएपछि सुखपूर्वक बस्न सकिन्छ । क्रोधलाई जलाउन सके पछि शोक गर्नुपर्ने छैन । हे ब्राह्मण, क्रोधरुपि विषलाई नष्ट गऱ्यौ भने मह समान मीठो फल प्राप्त हुन्छ । क्रोधलाई जलाउनुलाई आर्यले प्रशंसा गरेको छ । यसलाई जलाएपछि शोक गर्नुपर्ने छैन ।"

बुद्धको उत्तरबाट प्रसन्न भई त्यो ब्राह्मण प्रव्रजित भई अरहत पनि भए । यो कुरा सुनी भाइचाहिं अक्कोस ब्राह्मण रीसले चूर भई बुद्धकहाँ गई बेस्करी गाली गर्न गए । बुद्धले उसलाई पनि मधुर वचनले उपदेश दिनुभयो । उनी पनि प्रव्रजित भई अरहत प्राप्त गरे ।

त्यसपछि क्रमशः तिनका तेश्रो भाई सुन्दरिक भारद्वाज र चौथो भाई विलिङ्गक भारद्वाज दुवैजना पनि पहिले बुद्धलाई बेस्करी गाली गर्ने गरे र पछि बुद्धको वाणी सुनेपछि प्रव्रजित भई अरहत्व लाभ गरे ।

यही कुरालाई लिएर एकदिन भिक्षुहरूले धर्मसभामा कुरा उठाए । "बुद्ध गुण अत्यन्त आश्चर्य छ । चारैजना दाजुभाईहरू बुद्धलाई गाली गर्दागर्दै फेरि बुद्धकै उपदेशबाट बोध भई बुद्धकै शरणमा गए ।"

त्यहीबेला भगवान बुद्ध त्यहाँ आइपुग्नु भयो । अनि भिक्षुहरूको बिचमा के कुरा भइरहेको हो भनी सोध्नुभयो ? भिक्षुहरूले भएको कुरा सुनाएपछि बुद्धले आज्ञा हुनुभयो– "हे भिक्षुहरू तथागतले आफ्नो क्षान्ति बलयुक्त भएर, दोष विहिन भएर रहेको हुँदा क्रोधिहरूको अगाडि क्रोध नगरीकन महा ठूलो जन समूहको उद्धार गर्दछु ।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । यस धर्म देशनापछि धेरै जनसमूहले स्रोतापति फल लाभ गरे । ❖

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा बहुजन हितको लागि **महाभिनिष्क्रमण** (=गृहत्याग) गर्नुभएको थियो ।

★ गृहत्यागको बेला सिद्धार्थ कुमारले चढेर गएको घोडाको नाम थियो **कन्थक** र उहाँसँगै जाने सारथीको नाउँ थियो **छन्न** (=**छन्दक**) । त्यतिबेला सबैको उमेर २९ वर्षको थियो ।

*साभार- बौद्ध दर्पण*



Downloaded from http://www.dhamma.digital

# धर्मको प्रचार-प्रसार

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

(२२ दिसेम्वर २०१२ मा पूज्य गुरूजीले रंगूनमा दिनु भएको सम्बोधनको एक अंश)

मेरो जीवनको प्रमुख उद्देश्य धर्म प्रचार-प्रसार गर्नु हो । यस अनुसार धर्म फैलिरहेको छ । विश्वका अब १७० भन्दा अधिक विपश्यना केन्द्र छन् र एक हजार भन्दा अधिक शिक्षक छन् । प्रायः मानिसहरू मलाई सोध्ने गर्छन् कि विपश्यना यस्तो द्रुत गतिले कसरी फैलिरहेको छ, मानिसहरू कसरी यस प्रति आकर्षित भएका छन् ?

एउटा कारण त यो साम्प्रदायिक होइन, यहाँ कुनै साम्प्रदायिक मत अथवा पंथ सिकाईंदैन । बुद्धले कहिल्यै कुनै मत अथवा पंथ सिकाउनु भएन । उहाँले धर्म सिकाउनु भयो अतः म पनि केवल धर्म सिकाउँछु । मानिसहरूलाई यो सार्वजनिन लाग्छ त्यसैले जुन सबैका लागि कल्याणकारी छ । यसै कारणले हरेक सम्प्रदायका नेता तथा अनुयायीहरू यो विपश्यना शिविरमा भाग लिन्छन् र विपश्यना विधि लाभदायी र उपयोगी मान्छन् ।

अर्को कारण यो विद्या निःशुल्क सिकाइन्छ । धर्म सिकाउनका लागि यहाँ पैसा लिईंदैन । बुद्धले पनि धर्म सिकाउन कसैसंग पैसा लिनु भएन । विपश्यना शिविरमा भोजन तथा निवासको पैसा पनि लिईंदैन । तर जब उस्ले शिविरबाट लाभ प्राप्त गर्दछ तब त्यस्तै अरूले पनि लाभ प्राप्त गरून् भन्ने  इच्छा जाग्दछ र दान दिन्छन् । यही कारणले विपश्यनाको प्रसार-प्रचार यस्तो छिटो भएको हो ।

अर्को एउटा कारण यहाँ आफ्नो धर्म परिवर्तन गर्नु पर्दैन। तपाईं हिन्दु, बौद्ध, क्रिश्चियन, मुस्लिम अथवा जो सुकै होस् यसबाट विपश्यना सिक्न केही फरक पर्दैन । यदि तपाईं विपश्यना गरिरहनु भएको छ भने धर्मको अभ्यास गरिरहनु भएको छ' धर्म आचरण गरिरहनु भएको छ जुन सबै धार्मिक कर्मकाण्ड, अन्ध विश्वास, सम्प्रदाय तथा मत आदिबाट मुक्त हुनु भएको छ ।

यी नै विशिष्टताको कारणले नै शिविरमा भाग लिन मानिसहरूलाई प्रोत्साहित गर्दछ । जब यसको अभ्यास गर्न थाल्दछ तब त्यही क्षण लाभ प्राप्त हुन थाल्छ र त्यस फलको अनुभव तुरून्त गर्न पाउँछ । साधनाको यो पद्धति अत्यन्त फलदायी छ, ब्यावसायीकरण भन्दा पर विश्वासनीय छ । कोही पनि ब्यक्ति यसको लाभ लिन सक्छन् । यसकारण पनि यो विश्वभरमा द्रुत गतिले फैलिएको छ ।

मलाई खुसी लाग्छ कि म धर्म भूमि म्यांमामा जन्मिएँ । म संग जुन सुकै देशको पासपोर्ट भए पनि म यस देशमा जन्मेको हुँ त्यसैले म यहाँको भूमिपुत्र हुँ । यसै देशमा सयाजी ऊ बा खिनसंग यो विद्या सिकें र मेरो दोस्रो जन्म भयो । यही असली जन्म हो, जसबाट मलाई बिलकुल नयाँ मान्छे बनाइदियो ।

मैले यहाँ धर्म प्राप्त गरें जुन मेरो लागि सबैभन्दा ठूलो लाभ थियो । विपश्यनाको आविष्कार भारत देशमा भएको भए पनि यस विद्यालाई त्यहाँका मानिसहरूले पूर्ण रूपमा बिर्सिसके का थिए । म्यंमाले यसलाई शुद्ध रूपमा सुरक्षित गरिराखे । त्यसैले विश्वको लागि यो म्यंमाको देन हो म आफ्नो साधकहरूलाई म्यान्मा देश प्रति कृतज्ञ रहन भन्ने गर्दछु किनकि यस देशले यो विद्यालाई हजारौं वर्षसम्म शुद्ध रूपमा सुरक्षित गरि राखे ।

त्यस्तै म साधकहरूलाई सयाजी ऊ बा खिन प्रति कृतज्ञ रहन भन्ने गर्छु । उहाँले विपश्यना विद्यालाई म्यान्माबाट बाहिर पठाउनु भयो ता कि विश्वभरका मानिसहरूले यसलाई सिक्न पाउन् ।

विपश्यना के हो ? नैतिक जीवन जिउनु नै विपश्यना हो । कुन धर्मले शील-सदाचारमय जीवनको विरोध गर्दछ ? नैतिक जीवन जिउनका लागि मन मजबूत हुनुपर्छ, चित्त शुद्ध हुनुपर्छ । चित्त-विशुद्धिको लागि शील, समाधि र प्रज्ञाको अभ्यास आवश्यक छ । कसैले यसको विरोध किन गर्छ र ? यो त सबै स्वीकार गर्छन नै ।

म प्रायः भन्ने गर्छु कि प्रथम शिविर बसे पछि मलाई माइग्रेनबाट मुक्ति प्राप्त भयो, त्यस उपरान्त मर्फिनको सूई लिनु परेन । यो विपश्यनाबाट प्राप्त भएको ठूलो लाभ थिएन । सबैभन्दा ठूलो लाभ त मेरो मन शुद्ध हुनु हो । मेरो जीवनमा शान्ति आयो, सामंजस्य आयो । मेरो रोग निको हुनु त एक उपफल मात्र थियो । विपश्यनाको उद्देश्य शारीरिक रोगको चिकित्सा गर्नु होइन ।

विपश्यनाले मानसिक स्तरमा एक स्वस्थ ब्यक्तिको निर्माण गर्दछ । मन अधिक शान्त र सन्तुलित हुन्छ । आफ्नो परिवारका सदस्य तथा अन्यहरूसंग राम्रो सम्वन्ध बनाएर एक उच्च र सामंजस्यपूर्ण जीवन यापन गर्न सक्छ । विपश्यना जीवन जिउने कला हो । यसले शान्ति तथा सद्भावपूर्ण जीवन जिउन सिकाउँछ ।

धर्मको प्रचार-प्रसार होस् । मेरो देशका मानिसहरू धर्मको श्रेष्ठ फलको रस चाख्न पाउन् । विश्वमा भएका मानिसहरूले धर्मको श्रेष्ठ फलको आनन्द लिऊन् । अधिक भन्दा अधिक मानिसहरूले अरूको हित सुखको लागि तथा सामंजस्यपूर्ण जीवन जिउनका लागि विपश्यनाको लाभ-उठाउन् । सबैको मंगल होस् ।

*(साभार- 'विपश्यना' बुसं २५५७, वर्ष-३०, अङ्क-८)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–६

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

बुद्धत्त्व प्राप्त गर्ने सन्दर्भमा उहाँले कतिपय संघर्ष गर्नु पऱ्यो । साधारण व्यक्ति भए निरूत्साहित हुन्थे, तर उहाँ बोधिसत्त्व त्यस्तो हुनुहुन्थेन । त्यसकारणले उहाँ 'करूणावान्' कहलाइनु भयो । बुद्धको असीम प्यार मानिसहरूको लागिमात्र सीमित थिएन, समस्त प्राणीहरूका लागि व्याप्त थियो । बिना भेद भाव, असीम रूपमा फैलिएको उहाँको प्रेम मात्र भावनात्मक वा स्वार्थी थिएन । मैत्री भावना कुनै प्रतिफलको आशा नराखिने हुनाले अरू प्रेममा जस्तो नैराश्यता वा असन्तुष्टि हुँदैन । यसले अझ बढी सुख र सन्तुष्टि बढाउँछ । जसले मैत्री भावनाको अभ्यास गर्दछ उसले करूणा र समताको वृद्धि गर्दछ र विशिष्टतम सुखको अवस्थाको अनुभव पनि गर्दछ ।

'बुद्धको परम्परागत मार्ग' (Buddha's Ancient Path) पुस्तकमा भिक्षु पियदस्सी भन्नु हुन्छ– 'प्रेम एक सशक्त शक्ति हो । प्रेम युक्त निर्मल हृदयले गरेका काम जस्तै मद्दत सहायता, दुःख हटाउने काममा सहयोग आदिले परम सुख र मोक्षसम्म पुऱ्याउँछ ।"

'घृणा गर्नु मूर्खता हो, यसले झन अन्धकारमा पुऱ्याउँछ, सत्यताबाट टाढा राख्दछ, भनी घृणाको बेफाइदालाई मनन गरेर हामीले प्रेम वा मैत्री भावको विकास गर्न सक्छौं । कर्मको सिद्धान्त बुझ्नेले घृणा गर्न पर्ने कोही पनि छैन भनी बुझेको हुन्छ। घृणा मूर्खहरूको मार्ग हो जसले झन झन बढी अँध्यारोपन ल्याउँछ ।

घृणा वा द्वेष बन्धन हो भने प्रेम वा मैत्री मुक्ति हो । द्वेषले पश्चाताप ल्याउँछ भने मैत्रीले शान्ति दिन्छ । द्वेष भावले झगडा बढाउँछ भने मैत्री भावले शान्त गराउँछ । द्वेषले विभाजन गर्छ, प्रेमले एकवद्ध गर्छ । घृणा कठोर हुन्छ, प्रेम नरम हुन्छ । द्वेषले विघ्न पार्छ, प्रेमले मद्दत गर्छ । तसर्थ घृणाको दोष र मैत्रीको गुणहरूको सही अध्ययनबाट हामीले मैत्रीभावको विकास गर्न सक्छौं ।

मैत्री सूत्रमा बुद्धले मैत्रीकोबारे व्याख्या गर्दै भन्नु भएको छ– 'जसरी आमाले जस्तोसुकै आपतमा पनि आफ्नो एक्लो छोरोलाई आफ्नो ज्यानभन्दा बढी रक्षा गर्छ, त्यसरी नै समस्त प्राणीप्रति असीम करूणा राख्ने अभ्यास गर्नु पर्छ । आफ्नो असीम मैत्रीलाई बिना द्वेषभाव, विना शत्रुभाव, विना रोकावट संसारको चारैतिर फैलाउनु पर्दछ ।'

### साँच्चैको दान

**यदि कुनै प्रतिफलको आशा नगरी केही दिन्छौ भने त्यो नै साँच्चैको दान ठहर्छ ।**

कुनै प्रतिफलको आशा नगरी केही कुरा दिनु नै साँच्चैको दान अथवा त्याग हो । यदि कसैले प्रतिफलको आशा गरी केही दिन्छ भने त्यो कारोवार ठहर्छ, दान ठहरिन्न । सच्चा रूपमा दान दिने व्यक्तिले दान लिने व्यक्ति आफूप्रति कृतज्ञ होस् भन्ने समेत आशा राख्दैन, अधिकांश मानिसहरूमा बिर्सने बानी भएपनि अधिकांश मानिसहरू अकृतज्ञ चाहिँ होइनन् । सच्चा दान असल कार्य हो र दाता र याचकमा कुनै बन्धन रहन दिदैन ।

दान जस्तो पुण्यकार्यलाई सबै धर्मले प्रशंसा गरेका छन् । जोसँग पर्याप्त छ, उसले अरूलाई पनि बाँड्न सिक्नु पर्छ । कोही कोही यस्तो दानी पनि छन् जसले आफ्नो धर्म वा मतमा आकर्षित गर्न दान दिने गर्छन् । यसरी धर्म परिवर्तन गराउने छद्म उद्देश्य भएको दानलाई सच्चा दान भन्न सकिंदैन ।

आध्यात्मिक बाधकका रूपमा आफूभित्र रहेका लोभ जस्तो दूर्भावना हटाउनको लागि दान गर्नुपर्छ भन्ने बौद्ध दृष्टिकोण रहेको छ । आध्यात्मिक उन्नतिको अभिलाषा राख्ने कुनै पनि व्यक्ति त्यसतर्फ सदा तत्पर रही आफूभित्र रहेको स्वार्थीपन हटाउनुका साथै आवश्यक पर्ने भन्दा बढी प्राप्त गर्ने लालसाबाट मुक्त हुनु पर्दछ । अधिकारको मदहोशमा परेर लोभको वशमा पर्न सक्ने हुँदा त्यसप्रति चनाखो रहनु पर्दछ । आफ्नो वा आफूसित भएको वस्तुहरू आफ्ना स्वजनहरूलाई जस्तै अरूलाई पनि आवश्यक समयमा दिन सक्नु पर्दछ ।

दान गर्दा शरीरले मात्र होइन वल्कि हृदय प्रफुल्ल हुनु पर्दछ । साधारण उदारता र दान दिनुमा स्पष्ट फरक देखिन्छ । कसैलाई दया र करूणावश केहिकुरा दिन्छ र आफूलाई उसको मद्दतगार ठान्दछ भने त्यो साधारण उदारता प्रदर्शन मात्र हो । जबकि, आफूभित्र रहेका



Downloaded from http://www.dhamma.digital

स्वार्थीपन र तृष्णा हटोस् भन्ने पुण्य आकांक्षा राखेर कसैलाई केही दिन्छ त सच्चा दान हो । बुद्धले बुद्धत्व प्राप्त गर्नपूर्व कतिपय जन्महरूमा दान पारमिता पूरा गर्नु भएको थियो । दान कार्य एक महत्त्वपूर्ण गुण हो भन्ने सोची जसले दान गर्दछ, उसमा प्रज्ञाको बृद्धि हुन्छ । त्रिरत्नको गुण अनुस्मरण गर्नेले नै 'दान' दिन सक्छ ।

मानिसले दिनसक्ने वस्तु धेरै प्रकारमा छन् : भौतिक वस्तु, जस्तै भोकाएकालाई खाना, गरीबलाई पैसा, लुगा अरूलाई उपयुक्त हुने प्रकारका ज्ञान, सीप, समय श्रम आपतमा परेका मित्रका लागि सहानुभूतिपूर्ण बिचारको आदान प्रदान; हिसाबाट बच्नुका साथै मृत्योन्मुख प्राणीको बचाउ; कसैका लागि आफ्नो शरीरको कुनै अंग जस्तै रगत आँखा, मृगौला आदि प्रदान । जो व्यक्ति करूणा र दयापूर्वक अरूलार्य मद्दत गर्न उद्यत छ, ऊ आफ्नो ज्यान समेत उत्साह गर्न तयार रहन्छ । बोधिसत्वको जीवनी हेर्दा उनले अनेक जन्ममा अरूको लागि आफ्नो शरीरका अंगहरू दान गरेको हामी पाउँछौ । त्यति मात्र होइन अरूको जीवनको लागि आफ्नो जीवन समेत दिएको हामी पाउँछौ, त्यस्तो प्रकारका छ उहाँको उदारता र करूणा ।

तर बुद्धको महान करूणाको सर्वोच्च प्रमाण, मानवताको लागि अमूल्य उपहार 'धम्म' (धर्म) हो, जसले प्रत्येक प्राणीलाई उसको दुःखबाट पार गराई दिन्छ । बौद्धहरू दान मध्ये धर्मदानलाई सर्वोच्च दान ठान्दछन् । धर्मदानमा कसैको जीवनलाई सम्पूर्णरूपमा बदल्न सक्ने महान शक्ति छ । जब कसैले शुद्ध मनले यसलाई ग्रहण गर्दछ र उत्साहपूर्वक अभ्यास गर्छ, उसले अवश्य परिवर्तनको महसूस गर्दछ । आफ्नो हृदयमा सर्वाधिक सुख, शान्ति र आनन्दको अनुभव गर्दछ यदि ऊ पहिले निर्दयी थियो भने अहिले करूणावान बन्ने छ । यदि ऊ पहिले प्रत्याक्रमणकारी थियो भने अहिले क्षमाशील बन्ने छ । धम्मको अभ्यासबाट द्वेष करूणामा परिवर्तित हुन्छ, लोभ उदारतामा परिवर्तित हुन्छ, व्यग्रता संयममा परिवर्तित हुन्छ । 'धर्म' को रसास्वादन गरिसकेको व्यक्तिले यहाँ र अहिलेमात्र होइन 'निर्वाण' प्राप्त नहुन्जेलसम्मको जीवन यात्रामा सुख र शान्तिको अनुभव गर्ने छ ।

**सहन शीलता**

'यदि कसैले मूर्खतावश ममाथि अन्याय गऱ्यो भने पनि म उसलाई मेरो असीम प्रेम फर्काउँछु । जति खरावी उसबाट आउँछ, त्यो भन्दा बढी असल मबाट जान्छ । म जहिले पनि शुभ मङ्गलको आशिर्वाद दिइरहन्छु' -(बुद्ध)

आज मानिस डर, भय र असन्तुष्टताले भरिपूर्ण र आक्रान्त छन् । तिनीहरू यश, कीर्ति, धन र शक्तिको नशाले लट्ठ छन् । तिनीहरू इन्द्रिय सुखका लागि तड्पीरहेका छन् । डर त्रास र असुरक्षामा मानिसहरू जीवन बिताइरहेका छन् । उपद्रव र अनिकालको यस्तो समयमा मानिस एक अर्कासित शान्तिपूर्वक रहनु मुस्किल परेको छ । यसकारणले नै आज विश्वको लागि सहनशीलताको अत्यन्त जरूरी भएको छ ताकि विश्वका मानिस एक अर्कासित शान्तिपूर्वक रहन सकून् ।

विश्व आज कट्टरता र असहिष्णुताको उन्मादले ग्रस्त र दूषित छ । राजनैतिक संघर्षको नाममा बलि चढाइएका मानिससहरूका रगतले कतिपय मुलुकका धरती रक्तरंजित छन् । जसरी पहिले-पहिले आफूभन्दा फरक विश्वास वा मत राख्ने व्यक्तिहरूलाई शहिद बनाएर अग्निसंस्कार गर्दाको धुँवाले आकाश ढाकिएको हुन्थ्यो । त्यसरी नै धार्मिक रूपमा होस् वा राजनैतिक रूपमा होस् अरू सम्पूर्ण मानिसहरू पनि आफ्नो जस्तै विश्वास वा मतमा ल्याउने कोशीस गर्दै छन् र अरूको विश्वास वा मतप्रति धेरै आक्रामक भएकाछन् । यसरी क्रान्ति-कारीहरूको असहिष्णुताले गर्दा धार्मिक क्षेत्र वदनाम हुन पुगेको छ ।

वर्तमान शताब्दिमा 'प्रगति' भनिएका लोकप्रिय आविष्कारहरू तर्फ एक नजर देऔं- टेलिफोन, विद्युतीय मोटर, हवाईजहाज, रेडियो, टेलिभिजन, कम्प्यूटर, अन्तरिक्ष यान, भू-उपग्रह, विद्युत उपकरण आदि आश्चर्यजनक आविष्कार हुन् । त यिनै आविष्कारकहरू नै गोली र वारूदको माध्यमबाट असंख्य मानिसहरूका हत्यारा बनिरहेका छन् । यी महान 'प्रगति' को माझमा सहिष्णुता खोज्ने कहाँ ?

वाह्य अन्तरिक्षको अनुसन्धानमा आज मानिसहरू उत्साहित छन् । तर मानिस-मानिस बीच शान्ति र एकता साथ रहन उनीहरू विल्कुल असमर्थ छन् । चन्द्रमा र अरूग्रहहरूलाई मानिसले अन्ततः दूषित पारी छाड्ने छन् । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-४

*मूल पालि अनुवादक* - **भिक्षु अमृतानन्द**
*नेपाली अनुवादिका* - **शरणशीला**



*सपना देखेको दृष्य- गाईले बाछीहरूको दुध चुसिरहेको दृश्य*

(३) "भन्ते ! जुन दिनमा गाईको जन्म भयो, सोहि दिन बहरहरूले त्यस गाईको दूध पिए । यो तेस्रो सपना हो । यसको के फल होला ?"

"महाराज ! यसको फल पनि अनागतमा आफूभन्दा ठूला-बडाहरूको आदर-सत्कार गर्न छोडेर ल्याउने बेलामा हुन्छ । अनागतमा मानिसहरू आमा-बुबा र सासु-ससुरदेखि लाज मान्ने छैनन् । आ-आफैले कुटुम्ब पाल्नेछन् । आदर गर्नुपर्नेहरूलाई मन परे अन्न अलिकति दिनेछन् , मन नपरे त्यो पनि दिने छैनन् । बुढाबूढीहरू अनाथ हुनेछन्; पराधीन हुनेछन् । त्यही दिनमा जन्मेको गाईको दूध बहरहरूले पिए जस्तै,वृद्धहरूले केटाकेटीहरूको चाकडी गरेर जीविका गर्नुपर्ने हुन्छ । यसको कारणले पनि तपाईँलाई केही हानि हुनेछैन । चौथो सपनाको कुरा सुनाउनुहोस् ।"



*अर्थ–*
**कलियुगमा आमा बुबासँग आफ्नो पुरानो धन अभाव भएर जानेछन् । फलस्वरुप आफ्ना छोरा-छोरीको चाकडी गर्दै उनीहरूको कमाई खाएर जीविकोपार्जन गर्नुपर्ने हुन्छ ।**



Downloaded from http://www.dhamma.digital




(४) "भन्ते । तान्न सक्ने, बोक्न सक्ने, ठूला गोरूहरूलाई युग परम्परा अनुसार हलो जोत्न नलगाई, जवान गोरूहरूलाई हलो, जोत्न लगाइयो । उनीहरू तान्न नसकेर त्यसै उभिराखे; जोत्न सकेनन् । यो चौथो सपना हो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमा, अधार्मिक राजाहरू हुने बेलामा देखिनेछन् । अनागतमा अधार्मिक र कपटी राजाहरूले, पण्डितहरू, परम्परादेखि चल्दै आइराखेका, काम-कुरा सफल पार्ने सामर्थ्य हुनेहरू, बुद्धिवान्हरूलाई यश(राजपद) दिने छैन । धर्मसभा तथा न्यायालयमा पण्डितहरू, व्यवहारमा निपुण भएकाहरू तथा वृद्ध अमात्यहरूलाई राखिने छैन । किन्तु यसको विपरित जवान व्यक्तिहरूलाई यश दिने छन् । तिनीहरू जस्तालाई नै न्यायालयमा राखिनेछन् । उनीहरूले राजकार्य र योग्यायोग्य राम्ररी छुट्याउन नसकी आफ्नो देशको रक्षा गर्न सक्ने छैनन्; न त राजकार्य नै निपुण भएर गर्न सक्नेछन् ।

उनीहरूले काम-कुरा छोड्ने छन् । वृद्धहरूले पनि यश प्राप्त नहुनाले काम-कुरो राम्ररी गर्न सके पनि, "हामीहरू बाहिरका भइहाल्यौं, भित्रका तरूणहरूले नै गर्ने छन् ।" भनी चुप लागिदिने छन् । यसप्रकारले राजाहरूको सर्वत्र हानी हुने छन् । समर्थ गोरूहरूलाई जोत्न नलगाई कलिला जवान गोरूहरूलाई जोत्न लगाए झैं हुने छन् । यसको कारणले पनि तपाइँलाई केही हानि हुने छैन । पाँचौ सपनाको कुरा सुनाउनुहोस् ।"

*क्रमशः*



*अर्थ– कलियुगमा अनुभवी, शैक्षिक योग्यता पुगेका र जान्ने सुन्ने अनुभवी व्यक्तिहरू हुँदा हुँदै नजानेका, अनुभवहीन, अशिक्षित व्यक्तिहरूले राज्य चलाउने छन् ।*



Downloaded from http://www.dhamma.digital

# निर्वाणमूर्ति विहार किम्डोलमा सम्पन्न महापट्ठान पालि पाठ वारे संक्षिप्त चर्चा

✍ **अमृतमान ताम्राकार**, *उपासक, निर्वाणमूर्ति विहार, किम्डोल*




*पट्ठान पाठको कार्यक्रममा सजाइएको भगवान् बुद्धको निर्वाण मूर्ति*

भगवान गौतम बुद्धले सम्यक सम्बोधी Perfect Enlightenment प्राप्त गरे पश्चात् ४५ वर्ष सम्म तत्कालिन भारतिय उपमहाद्विपका विभिन्न गाउँ शहर तथा जनपदहरू घुमेर देशना गर्नुभएको ज्ञान (सद्धर्म) संग्रहलाई ३ भागमा विभाजन गरी त्रिपिटक (क) सुत्र पिटक (ख) अभिधम्म पिटक तथा (ग) विनय पिटक) को रूपमा प्रस्तुत गरिएको छ। यो त्रिपिटक नै बुद्ध शासनको मूल ग्रन्थ हो। उल्लेखित ३ पिटकहरूको महत्त्व बराबरै भएतापनि अभिधम्म पिटकलाई विषयगतरूपमा भन्नुपर्दा सबै भन्दा गंम्भिर र अध्ययनको क्रममा विद्यार्थीहरूलाई कठिन विषयको रूपमा रहेको छ। यहि अभिधम्म पिटक अन्तर्गत भगवान बुद्धद्वारा आफ्नो ७ औं वर्षावासको ३ महिने अवधिमा तुषिता भुवनमा देवपुत्रको रूपमा रहेका माता महामाया देवीलाई त्रावतिंस देवलोकमा देशना गर्नु भएको सद्धर्मलाई नै पट्ठानको रूपमा पाठ गरिन्छ। यो पट्ठानपाली पाठलाई काठमाण्डौंका उपासक, उपासिकाहरूको जनवोलीमा "**हेतु पच्चयो**" पाठ गर्ने भन्ने प्रचलन रहेको छ।

अभिधम्म पिटकको ७ ग्रन्थ मध्ये एक पट्ठान पालीमा २४ प्रत्यय छन् भने पुस्ताकारको रूपमा ५ खण्डमा विभाजित छन्। यस ग्रन्थको सार संक्षप मात्र भन्नु पर्दा यसमा Cause and effect अर्थात् कुनै घटना वा वस्तुको कारण र असरलाई दर्शन Philosophy को रूपमा परिभाषित गरिएको छ। बौद्ध जगत्मा पट्ठान पालिलाई अति शुद्ध एवं प्रभावकारी धर्मको रूपमा पाठ तथा श्रवण गरिन्छ। अति श्रद्धापूर्वक एकचितले यस ग्रन्थको पाठ गर्दा वा श्रवणमात्र गर्दा पनि अनेक प्रकारका विघ्न वाधा भय अन्तराय, हटेर जाने प्रवल विश्वास रहेको छ। पट्ठान पाठ श्रवण गर्दा प्राप्त हुने फल आफ्नो ठाउँ एवं विश्वासमा छ भने यो ग्रन्थमा उपदेशित विषय वस्तु राम्ररी बुझी उक्त ज्ञानलाई ग्रहण गरेमा निर्वाण फल प्राप्तीको लागि हेतु बन्ने छ। यस ग्रन्थको अर्थ सुन्दा वास्तवमा यसलाई व्यवहारिक धर्म अर्थात् Applied Buddhism भन्दा फरक नपर्ला।

**निर्वाणमूर्ति विहार किम्डोलमा पट्ठान पाठ**

नेपालीमा पट्ठान पालीको पाठ एवं अर्थ देशना भनेको यद्यपि दुर्लभ पाठको रूपमा रहेको छ। काठमाण्डौं उपत्यकामा थेरवादको पुनरोत्थानको समयमा त अभिधम्म वारेको ज्ञान मात्र तत्कालिन ८/१० जना श्रद्धेय भिक्षु गणमा सिमित थिए। उपासक उपासिका स्तरमा अभिधम्म एवं पट्ठानको चर्चा हेतु पच्चयो पाठको आवरणमा गर्ने प्रचलन भिक्षुणी धम्मवती गुरूमांको नेपाल पुनरागमन पश्चात् मात्र सुरू भएको हो। यसलाई बौद्ध दर्शनको गम्भिर ज्ञान भन्दा भय अन्तराय र विघ्न बाधा हटेर जाने शूत्रको रूपमा बुझ्ने गरिन्छ।

काठमाण्डौं उपत्यकामा पट्ठान पाठको सुरूवातलाई केलाई हेर्दा वि.स. २०४० को दशकतिर बर्मा देशबाट भर्खर नेपाल आउनु भएकी मोलिनी गुरूमांले धर्मकीर्ति विहारमा प्रातः ४ बजे गर्नु भएको एकल व्यक्ति वाचन लाई नै पट्ठानको प्रथम उदघोषको रूपमा लिइन्छ। उहाँ गुरूमां को सुरिलो स्वरमा बर्मेलि शैली र भाखा मा पट्ठान पाठ गर्दा विहारको शान्त वातावरण छुट्टै प्रकारको धर्म संवेगले कंपित भएको



Downloaded from http://www.dhamma.digital



पट्ठान पाठ गर्नुहुँदै धम्मवती गुरुमां



दो गुणवती गुरुमां पट्ठान पाठ गर्नुहुँदै

महशुस हुन्छ । त्यस वेला गुरूमांले गर्नु भएको पट्ठान पाठ हो भन्ने बुझ्नेमा उहाँकै गुरूमांहरू धम्मवती गुरूमां, दो गुणवती गुरूमां (बर्मेली) चमेली गुरूमांहरू बाहेक अरूको लागि त मीठो स्वरमा बर्मेली शैलीको बौद्ध भजन गाएको जस्तो थिए । त्यसबेला पट्ठानपाठ गर्दा प्रभावित हुने मध्ये भर्खर-भर्खर गुरूमां भई आउने धम्मवती गुरूमांकी नयाँ चेली धम्म विजया गुरूमां पनि थिए । एक प्रकारको सुखद् सहयोग भन्न पर्ला त्यति वेला पट्ठान पाठबाट जोडिएको गुरूमां द्वयको सम्बन्ध निरन्तर प्रवाह भई लामो समय सम्म भारतको बुद्धगयामा अध्ययन एवं मगध विश्व विद्यालयबाट विधावारिधी हासिल गरी हाल दुवैजना गुरूमांहरू गुरु वचन शिरोपर गरी निर्वाणमूर्ति विहार किम्डोलको विहार प्रमुख द्वयको रूपमा सेवारत हुनुहुन्छ । नेपालमा मात्र नभई भारतमा समेत त्यो वेला उक्त ग्रन्थ देवनागरीमा अति दुर्लभ थियो । केवल बर्मेलि र पाली लिपीमा मात्र उपलब्ध थिए । अतः बर्मेली र पाली लिपी नजान्नेको लागि पाठ गर्न देवनागरीमा लिपी बद्ध पट्ठान पालीको ५ खण्ड प्रकाशित गरी उहाँ गुरूमांद्वयबाट विभिन्न विहारमा वितरण गर्नुभयो । फलस्वरूप यस ग्रन्थ प्रति नेपालका भिक्षु भिक्षुणीहरूको ध्यान आकर्षित भएको पाइन्छ ।

सामूहिक एवं संस्थागत रूपमा पट्ठान पालीको पाठ पनि सर्वप्रथम उहाँ गुरूमांहरूको पहलमा निवार्ण मूर्ति विहार किम्डोलबाट सुरू भए । प्रथम पटक पट्ठान पाठ भएको दिनको पनि आफ्नै किसिमको ऐतिहासिक क्षण स्मरणयोग्य छ । घटना २०६० साल जनैपूर्णिमाको एक दिन अगाडि (माओवादी द्वन्द उत्कर्श अवस्थामा थिए) बेलुका ५ वजे उप्रान्त भोली पल्ट विहान सम्म कर्फयु लगाएको हुँदा पट्ठान पाठ गर्न अन्य विहारबाट गुरूमांहरू सहभागी हुन असमर्थ जनाएको हुँदा विहार प्रमुख द्वय गुरूमांहरू प्रमुख ५/६ जना उपासक उपासिकाहरूको सहभागी भई कर्फयूको चिन्ता नगरी रातभर किम्डोल विहारको जीर्णघरबाट पट्ठानका हरफहरू गुञ्जन भए । सिमित उपासकहरू मध्ये यस पंक्तिकार लाई पनि सो रातको पट्ठान वाचनमा सहभागी हुने शुभ अवसर प्राप्त भएको थियो । जरजर पुरानो घर भत्काई पुनः निर्माणकार्य भइरहेको हेर्दा स्थान अभावको कारण सो वर्ष पश्चातका २ वर्ष पछि सम्म पनि पट्ठान पाठ एक दिवसिय एवं सिमित गुरूमांहरूबाट मात्र सम्पन्न भए तापनि निरन्तरता भङ्ग भएन । वि.सं. २०६४ सालमा विहारको नयाँ आवासिय भवन तयार भएपछि सो भवनमा र पछि २०६७ सालमा दाता श्री द्रब्यमान साहुजीबाट भव्य एवम् सुसज्जित बुद्ध हल निर्माण गरि दिएपछिप्रत्येक दिन धर्मदेशना एवं ज्ञानमाला भजन सहित ३ दिवसिय पट्ठान कोषमा प्रदान गरी यस समारोहलाई निरन्तरता दिन सक्ने तुल्याइयो । अतः २०६० सालबाट अविछिन्न रूपमा सुरू भएको पाठ हाल प्रत्येक वर्षको गुरुपूर्णिमा पश्चात् श्रद्धेय धम्मवती गुरूमांको शुभ-जन्मोत्सव एवं रत्न मञ्जरी गुरूमांको पुण्य स्मृतिमा त्रिदिवसिय महापट्ठान पाठ भैइरहेको छ । निरन्तरताको क्रममा यस वर्ष २०७१ सालको श्रावण २२-२४ गते सम्म धम्मवती गुरूमां र दोगुणवती गुरूमां प्रमुख २४ गुरूमांहरूबाट क्रमशः भव्यताको साथ पट्ठान पाठ एवं श्रवण गर्ने कार्य सम्पन्न भयो ।

उक्त तीन दिने पट्ठान पाठ कार्यक्रममा, क्रमशः वीर्यवती गुरूमां, दोमोलिनी गुरूमां र अग्गञाणी गुरूमांले धर्मदेशना गर्नु भएका थिए ।

दोश्रो दिन धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन पनि प्रस्तुत गरिएको थियो ।

तेश्रो दिनको समापन कार्यक्रममा श्रद्धेय धम्मवती गुरूमां, मोलिनी गुरूमां र धम्मविजया गुरूमांहरूबाट सबैको सुख, शान्ति एवं दीर्घायु कामनागरी पुण्यानुमोदन गरिएको थियो । अन्त्यमा यस पंक्तिकार अमृतमान ताम्राकारले भोजनदाता राजेश श्रेष्ठ, शोभा श्रेष्ठ, धम्मविजया गुरूमांका गृहस्थ परिवारजन एवं सम्पूर्ण सहयोगी चन्दादाताहरू लगायत सहभागीहरूलाई धन्यवाद ज्ञापन गरियो । ❖



Downloaded from http://www.dhamma.digital

# आफ्नो दायित्त्व

✍ लक्ष्मीदेवी पौडेल

मानिस चेतनशील प्राणी भएकोले उसको विभिन्न वा अझ भनौं अनगिन्ति इच्छा, आकांक्षा हुनु स्वभाविकै हो। मानिस जन्मेदेखि समय क्रमसंगै ठूलो हुन्छ। ऊ आफूले सकेजति काम हरतरहबाट गरिरहेको हुन्छ। आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा धेरै दुःख कष्ट पनि सहेको हुन्छ। कर्तव्य मध्ये ठूलो कर्तव्य हो, घर-परिवार र छोराछोरी।

जब कोही मानिसको छोरा-छोरी जन्मन्छन्, त्यसमा बुबा-आमा बन्नेहरू वा घरका सबै सदस्य हृदय देखि नै अति खुशी हुन्छन्। त्यही अनुसार छोरा-छोरीलाई ज्यादै माया, ममता दिएर हुर्काउँछन्, बढाउँछन्, पढाउँछन् राम्रे संगत गर्न सिकाउँछन्। उमेर पुगेपछि विवाह पनि गरिदिन्छन्। जब छोराछोरीको विवाहको काम सकिन्छ अनि आमा बुबा आफूलाई निकै आनन्द भएको महसुस गर्छन्। किनकि छोराछोरी प्रति आफ्नो कर्तव्य पूरा गरियो भन्ने सोचमा पर्छन्। जन्म दिएपछि कर्म दिनुपर्छ भन्ने हामी नेपालीहरूको मान्यता छ। त्यसैले प्रत्येक, आमा बुबाले छोराछोरीको विवाह नगरेसम्म आफ्नो कर्तव्य पूरा भएको मानिदैन। त्यसकारण छोराछोरीको विवाह हुनुमा आमाबाबु ज्यादै हर्षित भएका हुन्छन्।

हामी नेपालीहरूको जीवनलाई हेर्दा संस्कारलाई पनि ठूलो मान्यता दिइन्छ। जस्तो न्वारान, पास्नी (अन्नप्रासन), त्यस्तै छोराको व्रतबन्ध (चुडाकर्म) गर्नुपर्छ र विवाह गरि दिन्छ। यी चार किसिमको संस्कार गर्ने (चलाउने) क्रममा बुबा आमाको नै दायित्व मानिन्छ। र आमा बुबाले यी संस्कार ज्यादै खुशीसाथले सम्पन्न गरेका हुन्छन्। यी त भए बुबा आमाले छोरा-छोरीप्रति गर्नुपर्ने दायित्व।

जसरी आमा बुबाले आफ्नो दायित्व खुशीसाथ सम्पन्न गर्छन्। त्यसैगरी छोरा-छोरीले पनि आमाबुबा प्रतिको दायित्व खुशीसाथ निर्वाह गर्नुपर्छ। घरमा छोराको विवाह गरेर बुहारी भित्र्याएको हुन्छ। समयक्रमसंगै नाति-नातिना भएका हुन्छन्। यस अवस्थासम्म आइपुग्दा ती आमा-बुबा बुढाबूढी भैसकेका हुन्छन्। यो बुढचौलीपनले पनि आफ्नै विशेषता बोकेको हुन्छ। बुढचौली लागेपछि खानेकुरा, लगाउने कुरा, गर्मी, जाडो सबै कुरामा बढी नै हेरविचार गर्नुपर्ने कुन्छ। रोगले पनि सताइरहने हुन्छ। यी कारणले गर्दा बुढाबूढीहरू पनि आफूलाई कमजोर महसुस गर्छन् र अरुबाट वा विशेष गरी सन्तानबाट आफूलाई बढी माया। हेरविचार पाउने आशा राख्छन्। उता छोराछोरी भने ती बुढा बुबा-आमालाई वास्ता गर्दैनन्। यो क्रमभने बढ्दै जान्छ। शुरु-शुरुमा त आफ्ना सन्तानका कुरा के गरौं भनेर सहेर बस्छन्। उता सन्तान (छोरा-बुहारी) भने आफ्नै इच्छामा अगाडि बढ्दै जान्छन्। समय बित्दै जान्छ। ती बुढाबूढी आमा-बुबालाई भने मायाको अभाव नै भएको महसुस हुन्छ। आफ्नो छोराबुहारीले पनि राम्रो गर्दा रहेनछन् भनेर आफ्नो दुःख व्यक्त गर्न थाल्छन्। तबमात्र छोराबुहारीहरू केही सम्झाए जस्तो गरेर केही गाली गरेर भन्छन् कि हामीले खान, लाउन दिएकै छौं बुढाबूढीलाई अरु के चाहियो।

तर शक्ति कम भएका बुढाबूढीलाई ती वचनले शक्ति होइन मनभित्र जलन हुन्छ जवाफ फर्काउन पनि उचित ठान्दैनन्। आफू बेकामको भइएछु भन्ने स्वच्न थाल्छन्। ती छोराछोरी जन्मिएको बेलादेखि विवाह गरिदिंदाको समयसम्म ती सबै कुरा सम्झेर र बारम्बार छोरा-बुहारीबाट हेँला हुनु परेकोले उनीहरू आफ्नो घर नै छोडेर हिंड्नसम्म बाध्य हुन्छन्। उता छोरा बुहारीहरू भने कुनै दुःख मान्दैनन्। कहाँ गए भनी कसैले सोधेभने सजिलो भनिदिन्छन् "तीर्थ" जानु भएको छ।

तीर्थ जान पनि त खर्च चाहिन्छ, साथी चाहिन्छ। तीर्थ वा कतै जान्छु भनी ती बृद्ध आमा-बुबाले पैसा मागे भने भन्छन्कि तीर्थ किन जानुपर्‍यो, त्यहाँ खर्च गर्ने पैसाले धेरै खाँचो टर्छ, तर खाँचो टार्ने कुरा यस्ता हुन्छन्– जस्तैः सिनेमा हेर्न जाने, रमाइलो मेला हेर्न जाने, आफूलाई मनपर्ने कपडा किन्ने। बुढाबूढीलाई २-४ रुपैया दिन नसक्ने तर आफू भने यस किसिमको खर्च गर्ने। यस्तो बानीले बुढाबूढी आमा-बुबाको मन सान्है र संधै रुन्छ। आमा-बुबाले कुनै इच्छा राख्दा नचाहिंदो कुरा भनेर ठट्टामा नै उडाइदिन्छन्। यसो गर्नु अन्याय हो, पाप हो।



Downloaded from http://www.dhamma.digital

एकदिन सबैले बूढो हुनुपर्छ भन्ने बुझेर हामी छोराबुहारी र छोरीले पनि आमा-बुबा प्रतिको आफ्नो दायित्त्व कहिल्यै भुल्न हुँदैन । जसरी सानो बच्चालाई ठूलो बनाउने, योग्य मान्छे बनाउने आमा-बुबाको कर्तव्य हो, त्यसैगरी छोराछोरीले पनि आफ्नो आमा-बुबालाई राम्रोसँग पाल्ने कर्तव्य हो । फेरि हामीले आफ्नो छोराछोरीलाई पनि त केही सिकाउनु छ। हामीले आफ्नो आमा-बुबालाई राम्रो व्यवहार गरेका छौं भने हाम्रा छोराछोरीले पनि त्यस्तै सिक्छन् र हामीलाई पनि बूढेसकालमा राम्रो गर्छन् । यसैकारणले पनि आफ्नो आमा-बुबाको मन दुःखाउने व्यवहार गर्नुहुँदैन । साँच्चै आमा-बुबा भनेका त घरको ठूलो खम्बा, आड हो। यस्तो खम्बालाई कमजोर हुन दिनु हुँदैन । आमा-बुबाबाट त हामीले सँधै माया र आशीर्वाद पाइरहेका हुन्छौं । यस्तो माया र आशीर्वादलाई झन् बलियो बनाउनुपर्छ अनि मात्र हामी सँधै सुखी र खुशी रहन सक्छौं । ❖

## मेत्ता सेन्टर (मैत्री केन्द्र) बाल आश्रमको सूचना

मेत्ता सेन्टर (मैत्री केन्द्र) बालआश्रमको १४ औं वार्षिक उत्सवमा लोकप्रिय समाजसेवी **आनी छोइङ्ग डोल्मा**को प्रमुख आतिथ्यमा माननीय सभासद **श्री कञ्चनचन्द्र बादेज्यू**को विशेष आतिथ्यमा मैत्री केन्द्र बाल आश्रमका संरक्षक **भिक्षु अश्वघोष महास्थविर**ज्यूको सभापतित्वमा यही २०७१ भाद्र २८ गते, शनिवारका दिन समय दिउँसो २ बजे देखि ४ बजे सम्म बनेपा ध्यानकुटी मैत्री केन्द्र बाल आश्रममा सु-सम्पन्न हुने मेत्ता सेन्टर (मैत्री केन्द्र) बालआश्रमको १४औं वार्षिक उत्सवमा सुखद् उपस्थितिको लागी आजीवन वार्षिक भोजन दाता, आजीवन सदस्य, सहयोगी संघ संस्था एवं सम्पूर्ण महनुभावहरूलाई हार्दिक अनुरोध एवं निमन्त्रणा गर्दछौं ।

निमन्त्रणा पत्र प्राप्त नभएमा यही समाचारलाई निमन्त्रणाको रूपमा स्वीकार गरी उपस्थिति हुनको लागी अनुरोध गर्दछौं ।

**मेत्ता सेन्टर (मैत्री केन्द्र) बाल आश्रम पविार, बनेपा**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म :*
*वि.सं. विसं १९८२ साल*
*पौष, नवमी*

*दिवंगत :*
*विसं २०७१ साल श्रावण*
*२१ गते, दशमी*

## दिवंगत विष्णुनानी रंजितकार

हाम्रा ममतामयी आमा विष्णुनानी रंजित यही २०७१ साल श्रावण २१ गते बुधवारका दिन ८९ वर्षको उमेरमा दिवंगत हुनु भएकोले उहाँको सुगति कामना गर्दै पुण्यानुमोदन गरेका छौं । साथै हामी सपरिवार जनले संसारको अनित्य स्वभावलाई बुझी यस दुःखद् घडीमा धैर्य धारण गर्न सकुन् भनी हामीप्रति सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण कुटुम्ब तथा इष्टमित्रहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**सानुराजा रंजित, ज्ञानुराजा रंजित तथा समस्त रंजित परिवार**
मञ्जुश्री टोल, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# हाम्रो कोही संरक्षक छैन

✍ पूर्णमान महर्जन

शब्दकोश अनुसार संरक्षक भन्नाले रक्षा, बचाउ गर्ने या सुरक्षाको जिम्मा लिने व्यक्ति बुझाउँदछ। सहाराविहीन व्यक्तिहरूको लागि होस् या परिवारमा होस् जसले आश्रय, हेरचाह, पालन-पोषण एवम् विविध पक्षको अभिमारा लिने गर्दछ, त्यसलाई संरक्षक भनिन्छ। सृष्टिवाद अनुसार ईश्वर संसारको सृष्टिकर्ता हो। संसार पालक हो। ईश्वर सर्वश्रेष्ठ, सर्वशक्तिमान, सर्वव्यापी र सर्वज्ञ हो। उनीहरूको अनुसार संसारमा जे जति भयो ईश्वरको कृपाले, जे-जति भइरहेको छ ईश्वरको कृपाले र जे-जति हुने हो त्यो सबै ईश्वरको कृपाले हुने गर्दछ। त्यसैले ईश्वर नै संसारको संरक्षक हो। कुनै पनि मुलुकमा रहने जनताहरूका लागि त्यस मुलुकको शासक नै संरक्षक हो र त्यो शासकको लागि उसको सैन्य शक्ति नै आधार भरोसा हो, संरक्षणकर्ता हो।

हामीले जसलाई संरक्षक भनेर भन्ने गरेका छौं, त्यो संरक्षक हो कि होइन ? अनि सत्वप्राणीको लागि आधार भरोसासहितको संरक्षणकर्ता/संरक्षक छ कि छैन ? मनुष्यको दुर्लभ जुनीमा यस कुराको चिन्तन मनन गर्नु नितान्त आवश्यक छ। यस संसारमा हामी जन्म्यौं, हुर्कियौं, क्रमशः वृद्धवृद्धा हुँदै रोगले च्यापिदैं गएर अन्तमा मृत्युलाई अँगाल्न पुग्छौं। यो ध्रुव सत्य हो र सबैले जाने बुझेकै कुरा हो। प्राणी भएर जन्मेपछि रोग सबैलाई लाग्दछ। रोग नलाग्ने प्राणी संसारमा कोही हुँदैन। रोगले दुःख, कष्ट र पीडा दिने बेलामा मनुष्य मृत्युतुल्य हुन्छ। रोगले तीव्ररुपमा पीडा, कष्ट दिइरहँदा आफन्त ज्ञानिबन्धुहरू विरामीको वरपर बसेर आँखाभरी आँशु राखेर रोइरहने गर्दछन्। तर त्यो रोग कसैले बाँडचुँड गरेर लिन सक्दैन। दुःख वेदना अनुभव कम हुनेगरी कसैले लिन मिल्दैन। विरामी एक्लैले दाँत किटेर सहिर हनु पर्दछ। यदि हाम्रो संरक्षक भएको भए त्यस अवस्थामा दुःख, कष्ट र पीडाबाट यथाशीघ्र राहत मिल्नु पर्ने थियो। यसैले भगवान् बुद्धले पञ्चवर्गीय भिक्षुहरू कोण्डञ्य, वप्प, भद्दिय, महानाम र अस्सजितलाई सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्ने क्रममा चतुरार्य सत्यको देशना गर्नुहुँदा व्याधिपि दुक्खो (रोग हुनु पनि दुःख) भनेर आज्ञा गर्नुभएको थियो।

संसार नित्य होइन। कुनै कुरा स्थिर छैन। परिवर्तन प्रकृतिको नियम हो। मानिस पनि प्रकृतिको नियम एवम् स्वभाव धर्मानुसार क्रमशः वृद्धवृद्धा जीर्ण भएर जानु अचम्मको कुरा होइन। सबैलाई ज्ञान भएकै कुरा हो कि सामान्यतया १६/१७ वर्षकी बैंसमा केटीको सौन्दर्य र आकर्षण शिर्षस्थ स्तरमा हुन्छ। मानिस यसैले सदैव तरुणतरुणी, युवायुवती भएर रहन चाहन्छन्। तर चाहेर हुने होइन। बुढाबुढी हुनुपर्ने बेलामा बुढाबुढी भै नै हाल्छ। त्यस जीर्ण स्वभावलाई सम्पत्ति या अंश जस्तै बाँडेर लिने दिने गर्न मिल्ने कुरा होइन। आमाबुबा, छोराछोरी, ज्ञातिबन्धु आदि जो सुकै होस् त्यस जीर्ण अवस्थाबाट मुक्त गर्न कसैले सक्दैन। जहिले पनि तरुणतरुणी युवायुवती भएर रहनेगरी संरक्षण कसैले पनि दिन सक्दैन। यसैले तथागत शास्ताले दुःख आर्यसत्यको देशनाको क्रममा "जरापि दुक्खा" (वृद्धत्व पनि दुःख) भनेर आज्ञा गर्नुभएको थियो।

उत्पत्ति परिवर्तनको संकेत हो अनि विनाश, अन्त र लोपको पूर्वसन्ध्या पनि। जसरी दिनपछि रात आउँछ त्यसरी नै प्राणीको जन्मपछि मरण निश्चित र अवश्यम्भावी हो। मनुष्यको कुरा छाडौं २० वटा ब्रह्मलोक (अरुप ४ र रुप १६) मा रहने ब्रह्महरू र ६ वटा देवलोकमा रहने देवताहरू कोही अमर छैन, अजर छैन। मृत्यु या च्युतदेखि नतर्सिने र चिन्ता नलिने कोही प्राणी छैन। प्राणीलाई अमर र अजर बनाउने कसैको सामार्थ्य छैन। मृत्युबाट बचाउने कोही संरक्षक छैन। त्यसैले मृत्यु पनि दुःख मरणम्पि दुःक्खं) हो। महाकारुणिक शास्ताले उँत्तर थेरीलाई उपदेशको क्रममा भन्नुभएको थियो–

**"परिजिण्णमिदं रुपं, रोगनिड्ढं पभङ्गुरं।**
**भिज्जति पूतिसन्देहो, मरणन्तंहि जीवितं॥**

(यो शरीररुपी रुप जीर्ण भएर जाने रोगको घर हो, क्षणभंगुर र दुर्गन्धको समूह हो र मरण नै जीवनको अन्त हो।)

बौद्धदर्शन अनुसार एउटा वस्तुको विनाशमा अर्को वस्तुको उत्पत्ति हुन्छ। त्यसैले क्लेश र दुःखबाट मुक्त भएर निर्वाण प्राप्त नभएसम्म प्राणीको मरणपछि



Downloaded from http://www.dhamma.digital

पुनर्जन्म हुनु स्वभाव धर्म हो । भगवान बुद्धले शुभमाणवकलाई भन्नुभएको थियो–

“**सब्बे सत्ता कम्मस्सका, कम्मदायादा, कम्मयोनी** ...”

अर्थात् सत्वप्राणीहरूका लागि कुशल अकुशल कर्म नै उसको सम्पत्ति हो, कर्म नै अंशभागी हो, कर्म नै योनि हो । त्यसैले मानिस मरणपछि कुन लोक या यो निमा जन्म हुन जान्छ भन्ने कुरा उसले गर्ने कर्म र च्यूति चित्तमा भर पर्दछ । बुद्धशिक्षानुसार प्राणी हत्या गर्ने, अदत्ता दान लिने, परपुरुष र परस्त्रीसँग सहवास गर्ने, असत्य बोल्ने र सुरापान गर्नेहरू ४ अपाय/दुर्गति मध्ये एकमा उत्पन्न हुन्छन् । अपाय भूमिमा उत्पन्न हुनेहरू साह्रै दुःख, कष्ट र पीडामा रहने गर्दछन् । मरणोपरान्त चार अपायमा पतन नहुने गरी संरक्षण दिनसक्ने कोही छैन । यसरी नै जन्म, जरा व्याधि, मरण, अप्रियसंगको संयोग, प्रियसंगको वियोग, इच्छित वस्तु प्राप्त नहुनु र संक्षेपमा पञ्चस्कन्ध धारण गर्नुको दुःखबाट मुक्त हुने गरी उद्धार गर्ने कोही संरक्षणकर्ता छैन । मृत्युपछि पनि परम सुख निर्वाणको गन्तव्यमा नपुगेसम्म फेरि फेरि पुनर्जन्म भई अनन्तसम्म भवबन्धनको दलदलमा रुमल्लिर हनु पर्दछ ।

अभिधर्मानुसार यस संसारमा कुनै पनि कुरा एकछिन पनि स्थिर छैन । उत्पत्ति हुँदै निरुद्ध हुने गर्दछ । उत्पत्तिपछि विघटन र विनाश भइरहन्छ । एक सेकेण्ड पनि यथास्थितिमा नरहने प्रकृतिको स्वभावलाई हामीले बुझ्न नसकेको मात्र हो । भिक्षु राष्ट्रपाल स्थविरले राजा कौरब्यलाई आज्ञा गर्नुभएको थियो “उपनीयति लोको अधुवो” अर्थात् यो स्थिर नभएको जीवन सदैव नजिक भन्दा नजिकतिर अग्रसर भइरहेको छ । के को र कसको समीप या निकट गइरहेको छ भन्ने सवालमा शरीर वृद्धत्वको निकट गइरहेको, रोगको नजिक अग्रसर भइरहेको र मृत्युको समीपमा गइरहेको छ । सैनिकहरूले गर्ने मार्चिङ्ग जस्तै यथार्थमा जीवन पनि जरा, व्याधि र मृत्युको पथमा अग्रसर भइरहेको छ । मानिसले नचाहँदा नचाहँदै वृद्धवृद्धा हुन्छ, रोगले दिने दुःख, कष्ट एवम् पीडा सहेर बस्नुपर्दछ र मृत्युलाई वरण गर्नुपर्दछ । त्यसैले “अत्तनो लोको अनभिस्सरो” अर्थात् आफ्नो शरीर आफ्नो वशमा छैन, अधिनमा छैन ।

भगवान् बुद्धले ८० वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण प्राप्त गर्नुभयो । वहाँले महापरिनिर्वाणको दिनमा सुभद्रलाई उपदेश दिइसकेपछि भिक्षु आनन्दलाई डाकेर “आनन्द ! निर्वाण भैसकेपछि तिमीहरूको मनमा अब उपदेश दिने गुरु भएन, अब हाम्रा शास्ता छैनन् भन्ने भावना पर्न सक्छ । तर आनन्द ! त्यस्तो मनमा लिनु हुन्न । जुन धर्म र विनय मैले तिमीहरूलाई देशना गरी प्रज्ञप्ति गरिराखेको छु, त्यही धर्म र विनय नै तिमीहरूको शास्ता हुनेछन् ।” भनी आज्ञा गर्नुभएको थियो । यसैले तथागतको ज्ञान, शिक्षा र उपदेश नै सम्पूर्ण मानव र प्राणी मात्रको शास्ता हो, सबैभन्दा ठूलो सुख निर्वाणको द्वार हो । वहाँले औंल्याउनु भएको आर्य अष्टाङ्गिक मार्ग या शील, समाधि र प्रज्ञाको लोकोत्तर मार्गको सम्यक अनुसरण र आत्मसात् मात्र मनुष्यलाई क्लेश एवम् जन्म, जरा, व्याधि र मरणको अनन्त दुःखबाट मुक्त बनाउने सहारा र भरोसा हो । ❖

**धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग**

**दाता ध्यानकुटी मैत्री केन्द्र बाल आश्रम, बनेपाबाट रू. २,०००/–**

**धर्मप्रचार समाचार**

## पञ्चवीर सिंह सिरपाः

*२०७१ श्रावण ३ गते, शनिवार*

*थाय- आनन्दकुटी विद्यापीठ, स्वयम्भू*

सन्ध्या टाइम्स् न्हिपतिई पिदंगु च्वछाय् बहःगु बौद्ध च्वसुया च्वमिपिन्त पञ्चबीर सिंह सिरपाः लःल्हायगु ज्याभ्वः क्वचाःगु बुखँ दु ।

प्राप्त बुखँ अनुसार मानव अधिकारवादी नेता भाजु पद्मरत्न तुलाधर या मू पाहांकथं न्ह्याःगु उगु ज्याभ्वलय् बुद्ध सं. २५५५ दँया सिरपाः च्वमि भाजु सर्वज्ञरत्न शाक्य व मय्जु नेहा शाक्ययात, अथेहे बु.सं. २५५६ दँया सिरपाः च्वमि भाजु डि.आर. शाक्य ऋषि व मय्जु उर्मिला ताम्राकारयात लःल्हाःगु खः थुगु ज्याभ्वःया ग्वसाखलः युवा बौद्ध समूह खः ।

**“जसले कसैलाई पनि पिडा दिंदैन, जसले कडा बोली बोल्दैन, जसले कारण बताई स्पष्ट रुपले सत्य प्रकाश गर्छ, उसलाई म ब्राह्मण भन्दछु ।” – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–१५

*अनुवाद*– देवकाजी शाक्य

– १३५ –

– केवल सुरक्षा घरतर्फको सडक हो ।
– कडा परिश्रम सफलतातर्फको एउटै बाटो हो ।
– सद्गुणहरू नै विजयतातर्फको एक मात्र बाटो हो ।
– केवल सत्य र करूणा मुक्तिपथ हुन् ।

– १३६ –

– विश्वको सबभन्दा सुन्दर बस्तु कृतज्ञताको मुस्कान हुन् ।
– विश्वका सबभन्दा अद्भूत कुरा सत्यपथ हुन् ।

– १३७ –

– एक चिन्तनशील विचारले धर्मपरायणता सिकाउँछ ।
– धर्मपरायणताको चिन्तनले स्वर्ग प्रदान गर्दछ ।

–१३८ –

– कारणपरिणामको नियम नै परम सत्य हो ।
– मेलमिलापमा अघि बढ्नेको मूल सारतत्व नै समान विचार, सिद्धान्त र नीतिमा चल्नु हो ।

– १३९ –

– अबौद्ध चिन्तनसँग नडराऊ ।
– विकृत विचारसँग डराऊ ।
– अन्धविश्वाससँग नडराऊ ।
– विकृत विश्वाससँग डराऊ ।

– १४० –

– दार्शनिकसँग भएको सुख नै त्यस्तो पत्थर हो जसले सबैलाई सुनमा परिवर्तन गरिदिन्छ ।
– कृतज्ञता जादुको छडी हो जसले सबै स्थानहरूलाई विशुद्ध भूमि सुखावती भूमिमा बदलिन्छ ।

– १४१ –

– वाष्प कारण हो र वर्षा त्यसको परिणाम हो, वर्षा वाष्पको फल हो ।
– आदर्श कारण हो र यसको प्राप्ति प्रभाव हो, प्राप्ति आदर्शको फल हो ।

– १४२ –

– असल वा खराब फल असल वा खराब कारणहरू र परिस्थितिहरूबाट आउँछन्. तिमी तिम्रो आफ्नै माली हौ ।

*क्रमश:*

## एक महिने गुंला पर्व (२०७१ श्रावण ११–भाद्र १०) मा धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्म देशना गर्नुहुने गुरूमांहरूको विवरण

| क्रसं | गते | महिना | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|---|---|
| १ | ११ | श्रावण | वण्णवती | धम्मवती |
| २ | १२ | श्रावण | पञ्ञावती | पञ्ञावती |
